आ.व. २०८१/०८२ बगनासकाली गाउँकार्यपालिकाका बैठक संख्या १८

आज मिति २०८१।१२।०४ गतेका दिन यस बगनासकाली गाउँ कार्यपालिकाको आ.व. ०८१/८२ को अठारौं बैठक गाउँपालिका कार्यवाहक अध्यक्ष श्री हरि प्रसाद पाठकज्यूको अध्यक्षतामा देहायको उपस्थिति तथा प्रस्तावहरुमा छलफल गरी निम्न बमोजिम निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | वडा नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री हरि प्रसाद पाठक | कार्यवाहक अध्यक्ष | |
| २ | ३ | श्री टिका बहादुर थापा | वडा अध्यक्ष (प्रवक्ता) | |
| ३ | १ | श्री शेर बहादुर चिदी | वडा अध्यक्ष | |
| ४ | २ | श्री तिर्थ प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ५ | ४ | श्री जित बहादुर कनौंजे | वडा अध्यक्ष | |
| ६ | ५ | श्री ओम प्रकाश गैरे | वडा अध्यक्ष | |
| ७ | ६ | श्री लक्ष्मी प्रसाद अधिकारी | वडा अध्यक्ष | |
| ८ | ७ | श्री गण बहादुर बुढाथोकी | वडा अध्यक्ष | |
| ९ | ८ | श्री मोतीलाल बस्याल | वडा अध्यक्ष | |
| १० | ९ | श्री ठानेश्वर तिमिल्सिना | वडा अध्यक्ष | |
| ११ | २ | श्री गीता रेग्मी | का.पा. सदस्य | |
| १२ | ३ | श्री बसन्ती थापा | का.पा. सदस्य | |
| १३ | ५ | श्री खुमादेवी भट्टराई | का.पा. सदस्य | |
| १४ | ८ | श्री उमकला अर्याल | का.पा. सदस्य | उमकला |
| १५ | ३ | श्री तेज प्रसाद रसाली | का.पा. सदस्य | |
| १६ | ६ | श्री बोम लाल सुनार | का.पा. सदस्य | |
| १७ | - | श्री खेमराज छिनाल | सचिव | |

अन्य उपस्थिती

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुजन घिमिरे | अधिकृत | |
| २ | | | |
| ३ | | | |

प्रस्तावहरू :

१. समिक्षा सम्वन्धमा ।

२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम कार्यान्वयन गर्न प्रतिवद्धता सम्वन्धमा ।

३. स्रोत सुनिश्चितता सम्वन्धमा ।

४. विविध

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८१/११/२० गतेको कार्यपालिका बैठकमा भएका तपसिलका निर्णयहरुको समीक्षात्मक छलफल गरियो ।

क) वडा नं. ३ को वडा कार्यालय भवन निर्माण प्रक्रियाको सम्वन्धमा भएका कामकाजको प्रगति प्राप्त गरियो।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को मिति २०८१/११/१५ गतेको आशय पत्र आव्हानको सूचना वमोजिम यस पालिकाबाट आशयपत्र पेश गर्ने, साथै कार्यक्रमको कार्यान्वयनको लागि लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सम्वन्धी संक्षिप्त विवरणको २ (क) वुदामा रहे वमोजिमको इच्छा र प्रतिवद्धता जनाउदै स्थानीय तह छनौटको आसय पत्रमा उल्लेखित सम्पूर्ण विषयमा प्रतिवद्धता रही प्रतिवद्धता पत्र लगायतका कार्य समयमै आगाडी वढाउने जिम्मा कार्यालयलाई दिने निर्णय गरियो।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८१/०८२ मा यस गाउँपालिकाको वडा नं. ६ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गर्नका लागि संघिय सरकारवाट रू. ३७,००,०००/- विनियोजन भएको र उक्त केन्द्र निर्माण गर्न प्राविधि लागत अनुमान अनुसार रू ४४,९९,२८६।२५ मा नपुग रकम रू ७,९९,२८६।२५ (अक्षेरुपि सात लाख उनान्सय हजार दुई सय छयासी रुपैया र पच्चीस पैसा मात्र) आगामी आर्थिक वर्षमा विनियोजन गर्ने गरी स्रोत सुनिश्चित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. विविध

क) पुरस्कार सम्वन्धमा :-

यस गाउँपालिकाको चालू आर्थिक ऐन २०८१ को दफा १७ को उपदफा १ संग सम्वन्धित अनुसूची १६ वमोजिम दण्डजरिवाना निर्धारण भएका क्र.स. २ का सामग्रीहरु प्रहरी, संघ-संस्था तथा व्यक्तिले जफत गरी यस कार्यालयमा बुझाएमा जरिवानाको २५% रकम सम्वन्धितलाई प्रदान गर्ने निर्णय अनुसार राम्दी प्रहरीले मिति २०८१/११/१९ गतेको पत्र मार्फत माग गरेको पुरस्कार रकम प्रदान गर्ने निर्णय गरियो ।

ख) आर्थिक सहायता सम्वन्धमा :-

यस कार्यालयमा पेश हुन आएका निवेदन उपर छलफल गर्दा तपसिलका व्यक्ति तथा संस्थाहरुलाई तपसिलको आर्थिक सहयोग/राहत विभिन्न कोष तथा कार्यक्रमवाट प्रदान गर्ने निर्णय गरियो ।